# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, आषाढ ३० गते २०२२ साल [ अतिरिक्ताङ्क ११

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२२ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान–मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**आर्थिक वर्ष २०२२।२३ को केही अंशको सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट पेश्कीको रूपमा केही रकम दिने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने बनेको ऐन**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावनाः— आर्थिक वर्ष २०२२।२३ को निमित्त प्रस्तुत विनियोजन विधेयक विचाराधीन रहेको र सो वर्षको निमित्त अनुमान गरिएको खर्चको केही अंश अगावै पेश्कीको रूपमा सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नामः— यस ऐनको नाम "पेश्की खर्च ऐन, २०२२" रहेको छ ।

२. आर्थिक वर्ष २०२२।२३ को निमित्त सञ्चित कोषबाट रुपैयाँ खर्च गर्ने अधिकारः— आर्थिक वर्ष २०२२।२३ को निमित्त अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएको सेवा र कार्यहरूको निमित्त अनुसूची २ को कालम ४ मा र अनुसूची ३ को कालम ४ मा निर्दिष्ट गरिएबमोजिमको जम्मा रुपैयाँ ११,०१,९९,०००। एघार करोड एक लाख उनान्सय हजारमा नबढाई त्यतिसम्मको रकम सञ्चित कोषबाट झिक्न र खर्च गर्न सकिनेछ ।

१६८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – १

संविधान अनुसार सञ्चित कोषमाथि व्ययभार हुने ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| सि.नं. | अनुदान संख्या | सेवा र कार्य | सञ्चित कोषमाथि व्ययभार हुने रू. हजारमा |
| १ | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५४,६१ |
| २ | २ | राज सभा | १,३० |
| ३ | ३ | राष्ट्रिय पञ्चायत | ११,४३ |
| ४ | ४ | महालेखा परीक्षकको विभाग | ७,१५ |
| ५ | ५ | सर्वोच्च अदालत | ७,०६ |
| ६ | ६ | लोकसेवा आयोग | २,०० |
| ७ | ३८ | लगानी ऋण तथा व्याज | १,०६,३३ |
| | | | १,८६,६१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| सि.नं. | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | ७ | मन्त्रि-परिषद् | १,७९ |
| २ | ८ | श्री ५ को सरकारको सचिवालय | ६,८४ |
| ३ | ९ | जिल्ला प्रशासन | १०,४१ |
| ४ | १० | पुलिस | २६,८८ |
| ५ | ११ | जेल | ७,४३ |
| ६ | १२ | विविध | २,४२ |
| ७ | १३ | मालपोत | १०,७७ |
| ८ | १४ | भंसार | ७,०६ |
| ९ | १५ | अन्तःशुल्क | ४७ |
| १० | १६ | कर | १,०६ |
| ११ | १७ | रोडसेस | २५ |
| १२ | १८ | आय कर अदालत | ३० |
| १३ | १९ | तथ्याङ्क | ३२ |
| १४ | २० | सर्भे | २४ |
| १५ | २१ | टक्सार | १,२५ |
| १६ | २२ | एकाउण्टेण्ट जनरल अफिस | २,०१ |
| १७ | २३ | अदालत | ७,७९ |
| १८ | २४ | एटर्नी जनरल अफिस | २० |
| १९ | २५ | वैदेशिक | १६,४५ |
| २० | २६ | विविध | ५,७२ |
| २१ | २७ | शिक्षा | २३,५५ |
| २२ | २८ | स्वास्थ्य | ११,५३ |
| २३ | २९ | प्रचार तथा प्रसार | ४,७१ |
| २४ | ३० | पञ्चायत | ४,४१ |
| २५ | ३१ | कृषि | १,६४ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २६ | ३२ | वन | १०,०९ |
| २७ | ३३ | उद्योग वाणिज्य | १,४८ |
| २८ | ३४ | सञ्चार | १६,७३ |
| २९ | ३५ | यातायात | ६,८१ |
| ३० | ३६ | बिजुली | ५२ |
| ३१ | ३७ | निर्माण | १६,६२ |
| ३२ | ३९ | रक्षा | ७३,१० |
| ३३ | ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३,०० |
| ३४ | ४१ | पेन्शन भत्ता तथा उपदान | ८,५६ |
| ३५ | ४२ | अतिथिसत्कार | ३१ |
| ३६ | ४३ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ३७ |
| ३७ | ४४ | पुनः मतदान | ७५ |
| ३८ | ४५ | मुआवजा | ५० |
| ३९ | ४६ | अन्य आकस्मिक | ७५ |
| ४० | ४७ | भैपरी आउने | ४०,१२ |
| | | | ३,४१,२४ |

९८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| सि.नं. | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रु. हजारमा |
| १ | १ | तथ्याङ्क | ३,०० |
| २ | २ | सर्भे | १०,२९ |
| ३ | ३ | बजेट तथा एकाउण्टेण्ट तालीम योजना | ६२ |
| ४ | ४ | शिक्षा | ६६,८० |
| ५ | ५ | स्वास्थ्य | ४८,४९ |
| ६ | ६ | प्रचार तथा प्रसार | १२,३७ |
| ७ | ७ | पञ्चायत | ३०,८२ |
| ८ | ८ | कृषि | ४५,९६ |
| ९ | ९ | बन | १९,३० |
| १० | १० | उद्योग वाणिज्य | ५३,२० |
| ११ | ११ | सञ्चार | ८,२० |
| १२ | १२ | यातायात | २९,७८ |
| १३ | १३ | बिजुली | १,३६,२३ |
| १४ | १४ | निर्माण | २,४१,८७ |
| १५ | १५ | लगानी, ऋण तथा ब्याज | ७,७५ |
| १६ | १६ | इञ्जिनियरिङ्ग | ५९ |
| १७ | १७ | पुनः मतदान | १,२५ |
| १८ | १८ | भैपरी आउने | २१,५० |
| १९ | १९ | योजना | १,८७ |
| २० | २० | प्रशासन सुधार | १,५१ |
| २१ | २१ | भूमि सुधार | १८,६० |
| २२ | २२ | मेट्रिक नाप तौल आयोजना | ७५ |
| | | | ७,६०,७५ |

लालमोहर सदर मिति २०२२।३।२०।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव।

962

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

### २०२२ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान–मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपतिं अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### उखडासम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– उखडासम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) मा केही संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "उखडासम्बन्धी (प्रथम संशोधन) ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को प्रतिबन्धात्मक वाक्यांश (१) को सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश (१) राखिएको छ :–

(१) सो किसान विदेशी नागरिक रहेछ वा पछि विदेशी नागरिक ठहरिन आयो भने निजले जोतेको उखडा जग्गा श्री ५ को सरकारको नाममा दर्ता हुनेछ र सो जग्गा मुकुमवासी नेपाली नागरिकलाई कुनै शर्तमा श्री ५ को सरकारले बिक्री वितरण गर्न सक्ने छ । त्यस्तो जग्गाको सम्बन्धमा जग्गा धनीले यस ऐनबमोजिम पाउनुपर्ने क्षतिपूर्ति मध्ये केही पनि नपाएको भए सबै र किसानबाट केही पाइसकेको भए सो कट्टा गरी बाँकी रकम श्री ५ को सरकारले पाँच वर्षभित्र एक मुष्ट वा पाँच बराबर किस्तामा जग्गा धनीलाई दिनेछ ।

लालमोहर सदर मिति २०२२।३।३०।४

आज्ञाले–

विनोदप्रसाद धिताल

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

८८३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।